जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ
Shubharambh National Daily
राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९७ | २०८३ साल जेठ ३० गते शनिवार | Saturday-13-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## पूर्वाधार विकास कार्यालय बारा नेतृत्वविहीन, असार मसान्तअघि विकास बजेट खर्चमा गम्भीर संकट

*शु.आ. सम्बाददाता*
*कलैया, २८ जेठ*




आर्थिक वर्ष २०८२/८३ समाप्त हुन झण्डै एक महिना मात्र बाँकी रहँदा बारा जिल्लाको विकास निर्माणको प्रमुख सरकारी निकाय पूर्वाधार विकास कार्यालय, कलैया नेतृत्वविहीन बन्दै गएको छ । मधेश प्रदेश सरकारले पटक-पटक कार्यालय प्रमुख खटाए पनि उनीहरू केही दिनमै काम गर्न नसकिने भन्दै मन्त्रालय फर्किने क्रम दोहोरिएपछि कार्यालयको अवस्था अस्तव्यस्त बनेको छ ।

असार मसान्त नजिकिँदै गर्दा बजेट खर्च, योजना सम्झौता, ठेक्का व्यवस्थापन तथा निर्माण कार्यलाई तीव्रता दिनुपर्ने समयमा कार्यालय प्रमुख नै कार्यालयमा नबस्ने अवस्थाले करिब १ अर्ब ३९ करोड रुपैयाँ बराबरका विकास योजना अन्योलमा परेका छन् ।

कार्यालय स्रोतका अनुसार बैशाखको अन्तिम सातामात्र कार्यालय प्रमुखको रूपमा हाजिर भएका हेमन्त गाई एक महिना पनि नटिकी जेठको पहिलो सातादेखि नै कार्यालय आउन छाडेका थिए । उनले मधेश प्रदेशमा कामकाज गर्न नसक्ने जनाउँदै मन्त्रालय फर्किएको स्रोतको दाबी छ ।

हेमन्त गाईपछि मधेश प्रदेश सरकारले गत शुक्रबार ओमकुमार साह लाई कार्यालय प्रमुखको जिम्मेवारीसहित कलैया पठाएको थियो । साहले सोमबार कार्यालयमा हाजिर भएर काम सुरु गरे पनि चार दिन नबित्दै बिहीबार पुनः मन्त्रालय फर्किएका छन् ।

कार्यालय प्रमुख ओमकुमार साहसँग सम्पर्क गर्दा उनले बारामा कामकाज गर्न कठिनाइ भएको भन्दै आफू जनकपुर फर्किएको स्वीकार गरे ।

उनले भने, "यहाँ कामकाज गर्न धेरै समस्या छ । त्यसैले म जनकपुर आएको हुँ । अब फर्किने सम्भावना छैन ।"

कार्यालय प्रमुख स्वयंले पुनः नफर्किने संकेत दिएपछि पूर्वाधार विकास कार्यालय झन् संकटमा परेको छ ।

कार्यालय स्रोतका अनुसार चालु आर्थिक वर्षका लागि स्वीकृत योजनामध्ये हालसम्म ५० प्रतिशत योजनाको समेत सम्झौता हुन सकेको छैन । प्रमुखको अभावमा फाइल सदर, निर्णय प्रक्रिया, भुक्तानी स्वीकृति तथा प्रशासनिक काम प्रभावित भएका छन् ।

विशेष गरी सडक, भवन, पुल तथा अन्य पूर्वाधार निर्माणका योजनाहरू ठेक्का प्रक्रियामै अड्किएका छन् ।

बाँकी तेश्रो पृष्ठमा

## जितपुरमा प्रहरी नेतृत्वमाथि अवैध असुलीको आरोप, व्यापारीले मागे निष्पक्ष छानबिन

*शु.आ. सम्बाददाता*
*बारा, २८ जेठ*




बारा जिल्लाको जितपुर क्षेत्रमा कार्यरत इलाका प्रहरी कार्यालय जितपुरका इन्चार्ज प्रहरी वरिष्ठ नायब निरीक्षक (सई) उमेश निरौलामाथि स्थानीय व्यापारी तथा व्यवसायीहरूलाई त्रासमा पार्दै अवैध रूपमा रकम असुली गरेको गम्भीर आरोप सार्वजनिक भएको छ । स्थानीय व्यवसायीहरूले प्रहरी सहायक हवल्दार नवराज लम्साललाई घुमुवा परिचालन गरी विभिन्न व्यापारिक क्षेत्रका व्यक्तिहरूसँग नियमित रूपमा रकम संकलन गराउने गरिएको दाबी गरेका छन् ।

व्यापारीहरूका अनुसार वीरगंज-जितपुर औद्योगिक तथा व्यापारिक करिडोरमा सक्रिय ट्रान्सपोर्ट व्यवसायी, कपडा व्यापारी, चिनी, चकलेट तथा बटर कारोबारी, गोदाम सञ्चालक र अन्य व्यवसायीहरूलाई विभिन्न बहानामा दबाब दिएर मासिक रकम असुली हुने गरेको आरोप छ । उनीहरूको भनाइमा रकम नदिए ढुवानीमा अवरोध सिर्जना गर्ने, कागजात परीक्षणका नाममा दुःख दिने, सवारी साधन नियन्त्रणमा लिने तथा प्रशासनिक झन्झट बढाउने जस्ता गतिविधि हुने गरेका छन् ।

नाम नखुलाउने सर्तमा एक व्यवसायीले व्यापार सञ्चालन गर्नभन्दा प्रहरीको दबाब व्यवस्थापन गर्न कठिन भइरहेको गुनासो गरे । उनले मासिक रूपमा रकम नबुझाए मालसामान ढुवानीमा समस्या आउने, अनावश्यक चेकजाँचको सामना गर्नुपर्ने र व्यवसाय नै प्रभावित हुने अवस्था रहेको बताए । प्रतिशोधको डरका कारण धेरै व्यवसायी खुलेर बोल्न नसकेको उनले उल्लेख गरे ।

स्थानीय व्यापारीहरूका अनुसार वीरगंजको ट्रान्सपोर्ट क्षेत्रदेखि लालका पुलसम्मका विभिन्न व्यापारिक गतिविधिसँग सम्बन्धित व्यवसायीहरूलाई लक्षित गरी रकम असुली हुने गरेको चर्चा लामो समयदेखि चल्दै आएको छ । पछिल्लो समय यस विषयले बारा-पर्सा क्षेत्रका उद्योगी, व्यवसायी तथा ट्रान्सपोर्ट व्यवसायीबीच व्यापक चासो र चिन्ता उत्पन्न गरेको छ ।

व्यवसायीहरूले प्रहरीको भूमिका सुरक्षा र कानुन कार्यान्वयनमा केन्द्रित हुनुपर्नेमा आर्थिक दबाब सिर्जना गर्ने गतिविधि बढेको आरोप लगाएका छन् । उनीहरूका अनुसार यसले व्यापारिक वातावरणमा नकारात्मक असर पार्नुका साथै लगानीकर्ताहरूमा असुरक्षाको भावना समेत बढाएको छ ।

स्थानीय स्रोतहरूका अनुसार भारतसँग जोडिएका पर्सा र बारा जिल्लाका विभिन्न नाकाहरू हुँदै दैनिक रूपमा ठूलो परिमाणमा सामान नेपाल भित्रिने गर्छ । छपकैया, अलौ, अमरपाटी, प्रसौनी भाठा, सबैथवा, भिस्वा र जनकिटोला क्षेत्रबाट भित्रिने सामग्रीहरू जितपुर हुँदै देशका विभिन्न जिल्लामा ढुवानी हुने गरेको छ । व्यवसायीहरूको आरोप अनुसार यस्ता गतिविधिमाथि निगरानी र नियन्त्रण

बाँकी तेश्रो पृष्ठमा

## पचरौतामा ३८ करोड बेरूजु, आर्थिक सुशासन कागजमै सीमित

*शु.आ. सम्बाददाता*
*कलैया, २८ जेठ*




बारा जिल्लाको पचरौता नगरपालिकामा आर्थिक अनुशासन र वित्तीय सुशासनको अवस्था चिन्ताजनक देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनअनुसार नगरपालिकामा विगत वर्षदेखि कायम बेरुजु फस्र्योट हुन नसक्दा बेरुजुको चाङ थप बढ्दै गएको छ ।

प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म नगरपालिकामा ३२ करोड ९३ लाख ८२ हजार ३७४ रुपैयाँ बेरुजु कायम रहेको थियो । चालु वर्षमा त्यसको अत्यन्त न्यून अंश मात्रै फस्र्योट हुन सकेको छ । महालेखाले उल्लेख गरेअनुसार समीक्षा अवधिमा जम्मा ७ लाख १६ हजार ९२० रुपैयाँ मात्र बेरुजु फस्र्योट भएको देखिन्छ ।

यसरी पुरानो बेरुजु फस्र्योट हुन नसकिरहेका बेला आर्थिक वर्ष २०८१/०८२ मा थप ५ करोड ५५ लाख ५८ हजार ५४५ रुपैयाँ नयाँ बेरुजु थपिएको छ । फलस्वरूप नगरपालिकाको कुल बेरुजु रकम ३८ करोड रुपैयाँभन्दा माथि पुगेको छ ।

महालेखाको तथ्यांकले नगरपालिकाले बेरुजु फस्र्योटलाई प्राथमिकतामा नराखेको देखाएको छ । वर्षौंदेखि कायम बेरुजु रकम असुलउपर, प्रमाण पेश वा नियमित गरी टुंगो लगाउनुपर्ने कानुनी व्यवस्था भए पनि त्यसतर्फ प्रभावकारी पहल हुन सकेको देखिँदैन । प्रतिवेदनअनुसार बेरुजु फस्र्योट भएका केही शीर्षकमा पेश्की बाँकी, आवश्यक कागजात पेश नगरिएको खर्च, नर्सिङ सेवाका लागि घरभाडा, नगरप्रमुख वृद्ध आँखा बचाउ अभियान कार्यक्रम तथा ट्रान्सफर्मर खरिदलगायतका विषय समावेश छन् । तर ती शीर्षकमा गरिएको फस्र्योटको रकम कुल बेरुजुको तुलनामा नगण्य देखिन्छ ।

महालेखाले औंल्याएका बेरुजुहरू सामान्य प्रशासनिक त्रुटि मात्र नभई सार्वजनिक स्रोतसाधनको प्रयोग, खर्चको पारदर्शिता र उत्तरदायित्वसँग जोडिएका विषय भएको वित्तीय क्षेत्रका जानकारहरू बताउँछन् ।

नगरपालिकाले खर्च गरेको रकमको पर्याप्त प्रमाण पेश गर्न नसक्नु, कानुनअनुसार प्रक्रिया पूरा नगर्नु वा खर्चको औचित्य पुष्टि गर्न नसक्नु वित्तीय अनुशासनको गम्भीर कमजोरीका रूपमा हेरिएको छ ।

स्थानीय तहमा सुशासन, पारदर्शिता

बाँकी तेश्रो पृष्ठमा

## अवैध सालको काठसहित तस्करी नियन्त्रणमा

*शु. आ. सम्बाददाता*
*पर्सा, २८ जेठ*



पर्साको पटेर्वा-सुगौली क्षेत्रमा वन संरक्षण तथा अवैध काठ तस्करी नियन्त्रण अभियान अन्तर्गत करिब २० क्यु फिट सालको अवैध काठ बरामद गरिएको छ । ईलाका प्रहरी कार्यालय पटेर्वा-सुगौलीको नेतृत्वमा सञ्चालन गरिएको संयुक्त अनुगमन तथा सुरक्षा अभियानका क्रममा उक्त काठ नियन्त्रणमा लिइएको हो ।

ईलाका प्रहरी कार्यालय पटेर्वा-सुगौलीका प्रमुख प्रहरी निरीक्षक समुन्त अधिकारीको कमाण्डमा खटिएको संयुक्त टोलीले वन क्षेत्रमा विशेष निगरानी तथा चेकजाँच सञ्चालन गर्ने क्रममा अवैध रूपमा काटिएको सालको काठ फेला पारी नियन्त्रणमा लिएको जनाएको छ ।

पछिल्लो समय वन क्षेत्रमा बढ्दो अवैध कटानी, चोरी निकासी तथा तस्करीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षा निकाय र वन कार्यालयबीचको समन्वय प्रभावकारी बन्दै गएको स्थानीयवासीले बताएका छन् । संयुक्त अभियानमा सबैया सब-डिभिजन वन कार्यालयका रेन्जर भुपाल रोकाय, वन प्राविधिक कविता दास, वन कर्मचारी लक्ष्मी साह कानु तथा अरविन्द कुमारको सक्रिय सहभागिता रहेको थियो ।

त्यसैगरी प्रहरी चौकी बढनियारका इन्चार्ज असई धर्मराज उप्रेती, सबैया साझेदारी वन उपभोक्ता समूहका उपाध्यक्ष असलम आलम तथा सदस्य श्रवणप्रसाद साहलगायत स्थानीय वन उपभोक्ताहरूको समेत उल्लेखनीय सहभागिता रहेको जनाइएको छ ।

अभियानमा सशस्त्र प्रहरी बल नेपालतर्फबाट सई नारायण अधिकारीसहित पाँच सदस्यीय टोली परिचालन गरिएको थियो । संयुक्त टोलीले वन क्षेत्रमा निगरानी बढाउनुका साथै अवैध काठ ओसारपसार रोक्न विशेष अनुगमन तथा सुरक्षा जाँचलाई तीव्र बनाएको जनाएको छ ।

वन क्षेत्र प्राकृतिक सम्पदाको महत्वपूर्ण आधार भएकाले यसको संरक्षण, संवर्द्धन तथा दिगो उपयोग सबै सरोकारवालाको साझा दायित्व रहेको सहभागीहरूले बताएका छन् । सामुदायिक तथा साझेदारी वन क्षेत्रको संरक्षणमा स्थानीय समुदाय, वन कार्यालय र सुरक्षा निकायबीचको सहकार्यले सकारात्मक परिणाम दिन थालेको उनीहरूको भनाइ छ ।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

# धार्मिक पर्यटकको आस्थामाथि उपहास होइन, आवश्यक छ उपयुक्त पूर्वाधार







नेपालमा पछिल्ला केही दिनयता सामाजिक सञ्जालमा भारतीय धार्मिक पर्यटकहरूको खानपान र व्यवहारलाई लिएर विभिन्न टिप्पणीहरू भइरहेका छन् । विशेषगरी पहाडी तथा धार्मिक मार्गहरूमा आफ्नै भाँडाकुँडा प्रयोग गरेर खाना पकाइरहेका भारतीय श्रद्धालुहरूको भिडियो र तस्वीर सार्वजनिक भएपछि कतिपयले उनीहरूको 'सिभिक सेन्स'माथि प्रश्न उठाएका छन् । तर विषयलाई सतही रूपमा हेर्नुभन्दा त्यसको सामाजिक, धार्मिक र पर्यटनसम्बन्धी पाटोलाई बुझ्नु आवश्यक देखिन्छ ।

भारतबाट नेपाल आउने अधिकांश धार्मिक पर्यटकहरू वैष्णव (वैष्णो) परम्परासँग सम्बन्धित हुने गरेका छन् । वैष्णव सम्प्रदायका अनुयायीहरू सामान्यतया शुद्ध शाकाहारी हुन्छन् । उनीहरूले अण्डा, माछा, मासु मात्र होइन, धार्मिक यात्राका क्रममा लसुन र प्याजसमेत सेवन गर्दैनन् । कतिपयले धार्मिक यात्राको अवधिभर विशेष प्रकारको भोजन विधि र शुद्धताको नियमसमेत पालना गर्ने गर्छन् । नेपालका प्रमुख धार्मिक गन्तव्यहरू पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, देवघाट, मनकामना लगायतका स्थानमा प्रत्येक वर्ष लाखौं भारतीय श्रद्धालु दर्शनका लागि आउने गरेका छन् । उनीहरूमध्ये धेरैले आफ्नो धार्मिक आस्था र परम्पराअनुसार भोजन गर्न चाहन्छन् । तर नेपालका अधिकांश होटल, रेष्टुरेन्ट, खाजाघर तथा चियापसलहरूमा पूर्ण रूपमा शुद्ध शाकाहारी तथा 'नो अनियन-नो गार्लिक' भोजन सहज रूपमा उपलब्ध हुँदैन । विशेषगरी पहाडी धार्मिक मार्ग र तीर्थस्थलहरूमा अण्डा, मासु, माछा वा अन्य मांसाहारी परिकार बिक्री नहुने भोजनालय भेट्टाउन निकै कठिन छ । फलस्वरूप धेरै श्रद्धालुहरूले यात्राका क्रममा आफूसँगै खाद्य सामग्री र भाँडाकुँडा बोकेर हिंड्ने तथा उपयुक्त स्थान भेटिएपछि समूहगत रूपमा खाना पकाएर खाने गरेका छन् ।

पर्यटन व्यवसायसँग सम्बद्ध व्यक्तिहरूका अनुसार नेपालमा धार्मिक पर्यटनलाई व्यवस्थित बनाउन आवश्यक पूर्वाधारको अभाव छ । तीर्थयात्रीहरूका लागि छुट्टै सामुदायिक भान्सा, विश्रामस्थल, शुद्ध शाकाहारी भोजन केन्द्र वा सुरक्षित खाना पकाउने स्थानको व्यवस्था अधिकांश धार्मिक मार्गहरूमा छैन । यस्तो अवस्थामा यात्रुहरूले आफैंले भोजन तयार गर्नु बाध्यता पनि हुन सक्छ ।

सामाजिक सञ्जालमा देखिएका केही दृश्यहरूलाई आधार बनाएर सम्पूर्ण भारतीय धार्मिक पर्यटकको व्यवहारमाथि टिप्पणी गर्नु उचित नहुने पर्यटन क्षेत्रका जानकारहरू बताउँछन् । उनीहरूका अनुसार धार्मिक आस्था अनुसार भोजन व्यवस्था गर्नु र सार्वजनिक स्थल फोहोर बनाउनु दुई फरक विषय हुन् । यदि कुनै पर्यटकले सार्वजनिक स्थानमा फोहोर फाल्छ, वातावरण प्रदूषित गर्छ वा स्थानीय नियम उल्लंघन गर्छ भने त्यसको आलोचना हुन सक्छ । तर केवल धार्मिक कारणले आफैं खाना पकाएको आधारमा उनीहरूलाई असभ्य वा 'सिभिक सेन्स' नभएको समूहका रूपमा चित्रण गर्नु उचित हुँदैन ।

नेपालको पर्यटन उद्योगका लागि भारतीय पर्यटक महत्वपूर्ण आधार मानिन्छन् । नेपाल भ्रमण गर्ने विदेशी पर्यटकमध्ये भारतीयहरूको हिस्सा ठूलो छ । खुला सीमा, धार्मिक तथा सांस्कृतिक निकटता, पारिवारिक सम्बन्ध र भौगोलिक सहजताका कारण भारतबाट ठूलो संख्यामा पर्यटक नेपाल आउने गरेका छन् । तीमध्ये धार्मिक पर्यटकको संख्या उल्लेखनीय छ । पर्यटन विज्ञहरूका अनुसार यदि नेपालले धार्मिक पर्यटनलाई थप प्रवर्द्धन गर्ने हो भने तीर्थयात्रीहरूको आवश्यकतालाई ध्यानमा राख्नुपर्ने हुन्छ । शुद्ध शाकाहारी भोजनालय, धार्मिक अनुकूल आवास, विश्रामस्थल, सार्वजनिक शौचालय तथा सामुदायिक भान्साजस्ता पूर्वाधार विकास गर्न सके धार्मिक पर्यटकको बसाइ अवधि र सन्तुष्टि दुवै बढ्न सक्छ ।

सांस्कृतिक विविधता र धार्मिक स्वतन्त्रताको सम्मान लोकतान्त्रिक समाजको आधारभूत मूल्य हो । जसरी नेपाल भ्रमणमा आउने पश्चिमी मुलुकका पर्यटकको खानपान, जीवनशैली र संस्कृतिलाई सम्मान गरिन्छ, त्यसरी नै धार्मिक उद्देश्यले आउने भारतीय श्रद्धालुहरूको आस्था र जीवनशैलीलाई पनि सम्मान गर्न आवश्यक छ ।

विश्लेषकहरूका अनुसार पर्यटन क्षेत्रको चुनौती पर्यटकको धार्मिक आस्थाको आलोचना गर्नु होइन, बरु उनीहरूको आवश्यकता अनुसार सेवा र पूर्वाधार उपलब्ध गराउनु हो । धार्मिक पर्यटनलाई आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा लिइरहेको नेपालका लागि अबको आवश्यकता पर्यटकको आस्थामाथि टिप्पणी गर्नु भन्दा उनीहरूको आवश्यकतालाई सम्बोधन गर्ने नीति र संरचना निर्माण गर्नु रहेको उनीहरूको भनाइ छ ।

धार्मिक पर्यटकको आस्था, स्थानीय समुदायको सुविधा र सार्वजनिक सरसफाइबीच सन्तुलन कायम गर्न सकिए मात्र धार्मिक पर्यटन दीगो र व्यवस्थित बन्न सक्ने देखिन्छ । नेपालले धार्मिक पर्यटनबाट अधिकतम लाभ लिन चाहन्छ भने आलोचनाभन्दा व्यवस्थापन र पूर्वाधार विकासतर्फ ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता बढ्दो रूपमा महसुस गरिएको छ ।

ई-मेल:
sanjaytiwari.bara@gmail.com

## सम्पादकीय...........

### बसवरीया नाकामा तस्करीको आरोप : सुरक्षा निकायको भूमिकामाथि प्रश्न

बारा-रौतहट सीमाक्षेत्रको बसवरीया नाकाबाट अवैध आयात-निर्यात गतिविधि दिनप्रतिदिन बढ्दै गएको आरोप स्थानीयवासीहरुले लगाएका छन् । सीमामा तस्करीको जालो फैलिँदै जाँदा सम्बन्धित सुरक्षा निकायहरुको प्रभावकारी उपस्थिति नदेखिएको भन्दै गम्भीर प्रश्न उठ्न थालेको छ ।

स्थानीय स्रोतका अनुसार उक्त नाकाबाट माछा, फूल, चकलेट, कस्मेटिकलगायतका सामग्री पिकअप गाडीमार्फत नियमित रुपमा नेपाल भित्रिने र भारततर्फ पठाइने क्रम जारी छ । यसरी हुने अवैध कारोबारले राज्यलाई ठूलो मात्रामा राजस्व घाटा पुऱ्याइरहेको दाबी गरिएको छ ।

यति ठूलो परिमाणमा गतिविधि भइरहँदा पनि सुरक्षा निकायहरु मौन देखिएको आरोप स्थानीयस्तरमा तीव्र बनेको छ । सीमा क्षेत्रमा प्रभावशाली पहुँच र दबाबका कारण नियन्त्रणमा चुनौती थपिएको चर्चा पनि स्थानीयबीच चलिरहेको छ ।

स्थानीयवासीका अनुसार दैनिक रुपमा पाँचदेखि आठवटा पिकअप गाडीमार्फत अवैध सामग्री ओसारपसार हुने गरेको छ । यसले वैध व्यवसायीहरुलाई प्रतिस्पर्धामा पछाडि पार्नुका साथै राज्यको राजस्व प्रणाली कमजोर बनाएको उनीहरुको भनाइ छ ।

झन् चिन्ताजनक विषय भने अवैध सामग्री राजधानी काठमाडौंलगायत देशका विभिन्न प्रमुख बजारसम्म सहज रुपमा पुग्ने गरेको आरोप पनि सार्वजनिक हुन थालेको छ । यदि यी दाबी सत्य हुन् भने, यो केवल सीमास्तरको समस्या नभई राज्य संयन्त्रकै कमजोरीको संकेत मान्नुपर्ने अवस्था देखिन्छ ।

स्थानीयहरुले तस्करी गतिविधिबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न र सीमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउन सरकारसँग माग गरेका छन् । उनीहरुका अनुसार तस्करी नियन्त्रण नहुनु केवल राजस्व चुहावट होइन, राष्ट्रिय अर्थतन्त्र र सुशासनमाथिको गम्भीर चुनौती हो ।

यस विषयमा सम्बन्धित सुरक्षा निकाय र प्रशासनले स्पष्ट धारणा सार्वजनिक गर्दै वास्तविकता उजागर गर्नुपर्ने आवश्यकता देखिएको छ ।




समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इरान-अमेरिका सम्झौता अन्योलमा




एजेन्सी- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निकट दिनमा इरानसँग सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरिएको बताए पनि तेहरानले भने कुनै अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ। मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने भनिएको सम्भावित सम्झौताबारे दुवै पक्षका फरक-फरक दाबी सार्वजनिक भइरहेका छन् । तेहरानस्थित विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले शुक्रबार वार्ता जारी रहे पनि सम्झौतामा अन्तिम निष्कर्षमा नपुगेको बताए। उनका अनुसार अधिकांश विषयमा सहमति नजिक पुगे पनि अमेरिकी पक्षले नयाँ माग राखेपछि प्रक्रिया अवरुद्ध भएको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सम्झौता 'उच्च राजनीतिक तहमा स्वीकृत' भइसकेको दाबी गर्दै इरानमाथि तय गरिएको आक्रमण र बमबारी रोकिएको घोषणा गरेका छन् । उनले हस्ताक्षरको समय र स्थान चाँडै सार्वजनिक गरिने बताउँदै वार्ता सकारात्मक दिशामा अघि बढिरहेको संकेत गरे। ट्रम्पका अभिव्यक्तिपछि अन्तर्राष्ट्रिय वित्तीय बजारमा तत्काल प्रभाव देखिएको छ, जसअनुसार सेयर बजारमा वृद्धि र तेलको मूल्यमा गिरावट आएको छ । सम्भावित सम्झौतामा अमेरिका र क्षेत्रीय सहयोगीहरू, विशेषगरी इजरायल समेत सहभागी रहेको ट्रम्पको दाबी छ । उनका अनुसार वार्ताका मुख्य बुँदा र विस्तृत रूपरेखा सबै पक्षबाट स्वीकृत भइसकेका छन् ।

तर इरानले उक्त दाबी अस्वीकार गर्दै सम्झौता अझै टुङ्गोमा नपुगेको स्पष्ट पारेको छ। तेहरानले अमेरिकी पक्षले बारम्बार अडान परिवर्तन गर्ने गरेको आरोप लगाउँदै वार्ता जटिल बन्दै गएको जनाएको छ । इरानी सञ्चारमाध्यमले ट्रम्पले पछिल्ला महिनामा दर्जनौँ पटक सम्झौता नजिक पुगेको दाबी दोहोर्‍याएको उल्लेख गर्दै त्यसप्रति शंका व्यक्त गरेका छन् ।

यसैबीच राष्ट्रपति ट्रम्पले इरानी सर्वोच्च नेतृत्वले सम्झौता स्वीकार गरेको जस्तो आफूले बुझ्ने बताएका छन् । उनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पनि छलफल भएको उल्लेख गर्दै सम्झौतामा इरानको समृद्ध आणविक सामग्री हटाउने र मिसाइल पूर्वाधार निष्क्रिय गर्ने विषय समावेश हुने बताए।

क्षेत्रीय कूटनीतिक प्रयास पनि तीव्र बनेको छ । पाकिस्तान र कतारको मध्यस्थतामा ब्याक-च्यानल वार्ता अघि बढिरहेको बताइएको छ भने इजिप्टले पनि दुवै पक्षलाई उपलब्ध अवसरको सदुपयोग गर्न आग्रह गरेको छ ।

फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिका-इजरायल संयुक्त आक्रमणपछि सुरु भएको भनिएको युद्ध अप्रिलको युद्धविरामपछि रोकिएको भए पनि स्थायी समाधान अझै नदेखिएको अवस्थामा पछिल्लो कूटनीतिक पहल आएको हो । तेहरानमा भने नागरिकहरू युद्ध र आर्थिक दबाबले निराश बनेका छन् । एक स्थानीय ३५ वर्षीय फार्मासिस्ट माजिदले दुई देशबीचको दूरी अझै ठूलो भएकाले तत्काल सम्झौतामा विश्वास गर्न नसकिने बताएका छन् । यता इरानी सैन्य नेतृत्वले अमेरिकाले पुनः आक्रमण गरे कडा प्रतिकार हुने चेतावनी दिएको छ । साथै इरानले हर्मुज जलघाँटीमा निगरानी कडा बनाउँदै तेल तथा ग्यास ढुवानी मार्ग 'अर्को सूचना नआउन्जेल' सीमित गरिएको जनाएको छ, जसले विश्व ऊर्जा बजारमा थप दबाब सिर्जना गरेको छ । ट्रम्पको आशावादी दाबी र तेहरानको अस्वीकारबीच मध्यपूर्वको कूटनीतिक वातावरण अझै अनिश्चित बनेको छ ।

## पूर्वाधार.......

कतिपय योजनाको सम्झौता नभएकाले निर्माण कार्य सुरु हुन सकेको छैन भने सुरु भएका आयोजनाहरू पनि सुस्त गतिमा छन् ।

एक कर्मचारीका अनुसार, "कार्यालय प्रमुख नहुँदा धेरै निर्णयहरू रोकिएका छन् । असार मसान्त नजिकिँदै गएको छ तर कामको गति अत्यन्त कमजोर छ । यस्तो अवस्था रहिरहे बजेट फ्रिज हुने जोखिम बढेको छ ।" कार्यालय प्रमुखको अभावले सर्वसाधारण र निर्माण व्यवसायीहरू समेत प्रभावित भएका छन् ।

विभिन्न प्रशासनिक निर्णय, योजना स्वीकृति, भुक्तानी प्रक्रिया तथा अन्य कामका लागि कार्यालय धाइरहेका सेवाग्राहीहरू निराश भएर फर्किन बाध्य भएका छन् । निर्माण व्यवसायीहरूले समयमै निर्णय नहुँदा आयोजना सम्पन्न गर्न कठिन भएको गुनासो गरेका छन् । कतिपयले काम सम्पन्न गरे पनि भुक्तानी प्रक्रिया रोकिएको बताएका छन् ।

प्रदेश सरकारले एउटै कार्यालयमा पठाएका प्रमुख कर्मचारीहरू केही दिनमै फिर्ता हुने घटनाले मन्त्रालयको कर्मचारी व्यवस्थापन क्षमतामाथि समेत प्रश्न उठाएको छ ।

यदि कार्यालयमा काम गर्न नसकिने अवस्था थियो भने त्यसको कारण के हो ? कर्मचारी किन टिक्न सकेनन् ? कार्यालयभित्र प्रशासनिक, राजनीतिक वा अन्य कुनै दबाब छ कि ? भन्ने विषयमा प्रदेश सरकारले स्पष्ट जवाफ दिनुपर्ने माग उठ्न थालेको छ ।

असार मसान्तसम्म सीमित समय बाँकी रहँदा नेतृत्वविहीन बनेको पूर्वाधार विकास कार्यालय बाराले चालु आर्थिक वर्षको विकास बजेट प्रभावकारी रूपमा खर्च गर्न सक्ने सम्भावना कमजोर देखिएको छ । करिब १ अर्ब ३९ करोड रुपैयाँ बराबरका योजनाको भविष्य अन्योलमा परेका बेला प्रदेश सरकारको तत्काल हस्तक्षेप आवश्यक देखिएको छ ।

यदि समयमै स्थायी नेतृत्वको व्यवस्था गर्न नसकिए बाराका विकास आयोजना मात्र होइन, प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता र सुशासनमाथि समेत गम्भीर प्रश्न खडा हुने निश्चित छ ।

## जितपुरमा.......

गर्नुपर्ने निकायभित्रकै केही व्यक्तिहरूले आर्थिक लाभको आधारमा मौन समर्थन गरिरहेको अवस्था रहेको छ ।

यता वीरगंज र कलैयाबाट सञ्चालन हुने रात्री बस तथा ट्रान्सपोर्ट सेवाबाट समेत नियमित रूपमा रकम असुली हुने गरेको आरोप व्यवसायीहरूले लगाएका छन् । उनीहरूका अनुसार केही ट्रान्सपोर्ट कम्पनी तथा सवारी साधनबाट मासिक १० हजारदेखि २० हजार रुपैयाँसम्म रकम उठाइने गरेको चर्चा व्यवसायिक वृत्तमा रहेको छ । नियमअनुसार कर तथा राजस्व तिरे पनि अतिरिक्त अनौपचारिक रकम दिनुपर्ने बाध्यता सिर्जना भएको व्यवसायीहरूको भनाइ छ।

यस घटनामा प्रहरी सहायक हवल्दार नवराज लम्सालको नाम समेत जोडिएको छ । स्थानीय स्रोतहरूले उनी व्यवसायीहरूसँग प्रत्यक्ष सम्पर्कमा रही आर्थिक कारोबार मिलाउने भूमिकामा रहेको आरोप लगाएका छन् । केही स्थानीयले उनी विगतमा अन्य क्षेत्रमा कार्यरत रहँदा पनि यस्तै प्रकृतिका आरोपहरू उठेको दाबी गरेका छन् ।

घटनाप्रति सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउँदै स्थानीय व्यवसायीहरूले निष्पक्ष र स्वतन्त्र छानबिनको माग गरेका छन् । उनीहरूले प्रहरी संगठनको छवि जोगाउन र दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउन उच्चस्तरीय अनुसन्धान आवश्यक रहेको बताएका छन् ।

## पचरौतामा.....

र जवाफदेहिता कायम गर्ने दाबी भइरहेका बेला पचरौता नगरपालिकाको बेरुजु अवस्था भने त्यसको ठीक विपरीत देखिएको छ । वर्षेनी बेरुजु थपिँदै जानु र पुरानो बेरुजु यथावत रहनुले नगरपालिकाको आर्थिक व्यवस्थापन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ ।

स्थानीय बुद्धिजीवीहरूका अनुसार विकास निर्माण, सेवा प्रवाह तथा सार्वजनिक खर्चको प्रभावकारिता सुनिश्चित गर्न बेरुजु फर्स्योटलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता छ । अन्यथा स्थानीय तहप्रतिको जनविश्वास कमजोर हुने उनीहरूको भनाइ छ।

महालेखा परीक्षकको प्रतिवेदनले पचरौता नगरपालिकालाई आर्थिक अनुशासन सुधार्न स्पष्ट सन्देश दिएको छ । अब नगर नेतृत्व, प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित शाखाहरूले बेरुजु फर्स्योट, खर्चको पारदर्शिता र कानुनी प्रक्रियाको पूर्ण पालना सुनिश्चित गर्न नसके आगामी वर्षहरूमा आर्थिक बेथिति झन् गम्भीर बन्न सक्ने देखिएको छ ।

सार्वजनिक पैसाको सदुपयोग र सुशासनको मापन गर्ने महत्वपूर्ण सूचक मानिने बेरुजु नियन्त्रणमा पचरौता नगरपालिकाले तत्काल सुधारात्मक कदम चाल्नुपर्ने आवश्यकता महालेखाको प्रतिवेदनले औंल्याएको छ ।

## अवैध.............

स्थानीयवासीहरूले वन संरक्षण अभियानलाई निरन्तरता दिँदै अवैध कटानी तथा तस्करीमा संलग्न व्यक्तिमाथि कडा कारबाही गर्न माग गरेका छन् । वन संरक्षणले वातावरणीय सन्तुलन, जैविक विविधता, वन्यजन्तुको संरक्षण तथा भावी पुस्ताको प्राकृतिक अधिकार सुरक्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने उनीहरूको विश्वास छ ।

सुरक्षा निकायले आगामी दिनमा वन अतिक्रमण, चोरी निकासी तथा अवैध गतिविधिविरुद्ध संयुक्त अभियानलाई अझ सशक्त र प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता जनाएको छ ।

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा




जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।


सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# बारा-३ को विकास बजेटप्रति प्रश्न, जनप्रतिनिधिमाथि जवाफदेहिताको माग

*बारा, २८ जेठ*

जेन्जी युथ अफ बाराका अध्यक्ष सौरभ पाण्डेले बारा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्यप्रति विकास बजेट विनियोजन र क्षेत्रीय विकासको अवस्थाबारे सार्वजनिक रूपमा गम्भीर प्रश्न उठाएका छन् ।




पाण्डेले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको वक्तव्यमा निर्वाचनपछि अपेक्षित विकास र बजेट वितरण नदेखिएको भन्दै जनप्रतिनिधिको कार्यसम्पादनमाथि सीधा प्रश्न गरेका हुन् । उनले सफल विद्यार्थीको पहिचान परीक्षा परिणामबाट हुने र सफल सांसदको मूल्याङ्कन बजेट तथा विकास कार्यबाट हुने टिप्पणी गर्दै बारा-३ को विकास गति अपेक्षाअनुसार अगाडि नबढेको दाबी गरेका छन् ।

उनका अनुसार निर्वाचनका समयमा सांसदले अघिल्ला प्रतिनिधिहरूले पर्याप्त बजेट ल्याउन नसकेको भन्दै आफूले क्षेत्रको विकासका लागि पर्याप्त बजेट सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका थिए । तर हालसम्म सो प्रतिबद्धता अनुसार ठोस परिणाम नदेखिएको उनको आरोप छ ।

पाण्डेले प्रश्न गर्दै भनेका छन्, "हाम्रो क्षेत्रले अपेक्षाअनुसार बजेट किन पाएन? हाम्रो क्षेत्रको विकास अब कसरी हुन्छ? जनतासँग गरिएको प्रतिबद्धता कहिले पूरा हुन्छ?"

उनले आफ्नो आलोचना व्यक्तिगत नभई जनप्रतिनिधिको जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नका लागि भएको स्पष्ट पारेका छन् । साथै, बारा-३ का नागरिकले विभिन्न विकास योजनाका लागि माग गरेका भए पनि चालु आर्थिक वर्षको बजेटमा अपेक्षाकृत कम विनियोजन भएको देखिएको उनको दाबी छ ।

यस विषयमा सम्बन्धित सांसदले जनतासमक्ष स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने मागसमेत उठिरहेको छ । स्थानीय स्तरमा विकास बजेटको वितरण, प्राथमिकता र प्रभावकारिताबारे बहस चर्किंदै गएको छ ।

# वृन्दावन नगरपालिकाद्वारा शैक्षिक सत्र २०८२ को समीक्षा, २०८३ का लागि कार्ययोजना तय

*शु.आ. सम्बाददाता*
*रौतहट, २८ जेठ*

वृन्दावन नगरपालिकाले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको विशेष बैठक सम्पन्न गरेको छ ।



नगरपालिकाको आयोजनामा सम्पन्न बैठकमा शैक्षिक सत्र २०८२ को समग्र समीक्षा, परीक्षाफलको विश्लेषण, विद्यालय तथा विद्यालय प्रशासनले भोगिरहेका समस्या, नगरपालिकासँगको सहकार्यका अपेक्षा तथा आगामी शैक्षिक सत्र २०८३ का लागि आवश्यक योजना र कार्यक्रमबारे विस्तृत छलफल गरिएको थियो ।

बैठकमा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि, शैक्षिक वातावरण सुधार तथा शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालनका विषयमा समेत निर्णय गरिएको नगरपालिकाले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा नगर प्रमुख विनोद प्रसाद कुर्मीले गुणस्तरीय शिक्षा स्थानीय विकासको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्न नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आगामी दिनमा शिक्षामा थप लगानी गर्दै विद्यालयको शैक्षिक तथा प्रशासनिक सुधारलाई प्राथमिकतामा राखिने जानकारी दिनुभयो ।

सोही अवसरमा नगर प्रमुख कुर्मीले सहभागी सम्पूर्ण प्रधानाध्यापकहरूलाई झोला (ब्याग) वितरण गर्नुभएको थियो । कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत श्याम किशोर प्रसाद साहको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा नगर प्रमुखका सल्लाहकार प्रेमलाल पटेल र रामकल्याण यादवको विशेष उपस्थिति रहेको थियो भने शिक्षा शाखाका सह-संयोजक जयप्रकाश पटेलले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

बैठकमा सहभागी प्रधानाध्यापकहरूले विद्यालय सञ्चालनका क्रममा देखिएका चुनौती, भौतिक पूर्वाधारको आवश्यकता, शैक्षिक सामग्री व्यवस्थापन तथा विद्यार्थीको सिकाइ स्तर सुधारका विषयमा आफ्ना धारणा राखेका थिए । उनीहरूले स्थानीय सरकारसँग थप समन्वय र सहयोगको अपेक्षा समेत व्यक्त गरेका थिए ।

नगरपालिकाले आगामी शैक्षिक सत्रमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, शिक्षक क्षमता विकास तथा विद्यार्थीको सिकाइ उपलब्धि बढाउने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरुवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

विश्रामपुर गाउँपालिका, विश्रामपुर, बारा


# पर्साको जिराभवानी गाउँपालिका 'साक्षर गाउँपालिका' घोषणा

*हरिकिशोर शर्मा*
*पर्सा, २८ जेठ*

पर्साको जिराभवानी गाउँपालिकालाई 'साक्षर गाउँपालिका' घोषणा गरिएको छ । नेपाल सरकारले निर्धारण गरेका साक्षरतासम्बन्धी सम्पूर्ण सूचकहरू पूरा गरेपछि गाउँपालिकालाई शुक्रबार एक विशेष समारोहका बीच औपचारिक रूपमा पूर्ण साक्षर घोषणा गरिएको हो ।




गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले आयोजित समारोहमा पालिकालाई साक्षर गाउँपालिका घोषणा गर्दै यो उपलब्धि सम्पूर्ण गाउँपालिकावासी, जनप्रतिनिधि, शिक्षक, कर्मचारी, शिक्षाप्रेमी तथा सरोकारवालाहरूको साझा प्रयासको परिणाम भएको बताउनुभयो ।

घोषणा सभालाई सम्बोधन गर्दै अध्यक्ष चौधरीले शिक्षाको विकासबिना समृद्ध गाउँपालिका निर्माण सम्भव नहुने उल्लेख गर्दै आगामी दिनमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिकाले थप बजेट तथा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"गाउँपालिकालाई साक्षर घोषणा गर्नु मात्र हाम्रो लक्ष्य होइन, अब यस उपलब्धिलाई व्यवहारमा रूपान्तरण गर्दै प्रत्येक नागरिकलाई गुणस्तरीय तथा प्राविधिक शिक्षाको पहुँचमा पुऱ्याउनु हाम्रो मुख्य दायित्व हुनेछ," अध्यक्ष चौधरीले भन्नुभयो ।

उहाँले साक्षरता अभियानलाई निरन्तरता दिँदै विद्यालय शिक्षाको गुणस्तर सुधार, विद्यालय बाहिर रहेका नागरिकलाई शिक्षाको दायरामा ल्याउने तथा आधुनिक र सीपमूलक शिक्षालाई प्राथमिकता दिने नीति गाउँपालिकाले अवलम्बन गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि तथा स्थानीय सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

सो अवसरमा गाउँपालिकाको साक्षरता अभियानलाई सफल बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने शिक्षक, सामाजिक अगुवा तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान समेत गरिएको थियो ।

गाउँपालिकाका अनुसार साक्षरताका राष्ट्रिय सूचकहरू पूरा गर्दै पूर्ण साक्षर घोषणा भएसँगै अब शिक्षाको पहुँच मात्र नभई गुणस्तर, सीप विकास र प्राविधिक शिक्षामा केन्द्रित भएर काम गरिनेछ । स्थानीय तहमा शिक्षाको क्षेत्रमा हासिल गरिएको यो उपलब्धिलाई जिराभवानी गाउँपालिकाको ऐतिहासिक सफलता तथा सामाजिक रूपान्तरणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# गृहमन्त्रीमाथिको छानबिन प्रतिवेदन तत्काल सार्वजनिक नहुने संकेत, सरकारको निर्णयमा चासो बढ्यो

*काठमाडौं, २८ जेठ*

सरकारले गृहमन्त्री सुधन गुरुङमाथि भएको छानबिनसम्बन्धी प्रतिवेदन तत्काल सार्वजनिक नगर्ने संकेत गरेको छ । मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले प्रतिवेदन सार्वजनिक गर्ने विषय आवश्यकताका आधारमा सरकारले निर्णय गर्ने बताएका हुन् ।



छानबिन समितिले आफ्नो प्रतिवेदन बुझाएलगत्तै गृहमन्त्री गुरुङ पुनः मन्त्रालयमा फर्किसकेका छन् । यसबीच उनलाई 'चोख्याएर' जिम्मेवारीमा फर्काइएको भन्दै विपक्षी दलहरूले कडा आलोचना गरेका छन् । विपक्षी नेताहरूले प्रतिवेदन तत्काल सार्वजनिक गर्न मागसमेत गरेका छन् । प्रतिनिधिसभामा पनि विपक्षी सांसदहरूले यस विषयलाई उठाउँदै सरकारको भूमिकामाथि प्रश्न गरेका थिए । तर शिक्षामन्त्री पोखरेलले छानबिन प्रक्रिया निष्पक्ष रूपमा अघि बढेको दाबी गर्दै समिति गठनको औचित्यमाथि नै प्रश्न उठाउनु उचित नहुने बताएका छन् ।

उनले भने, 'चोख्याएर ल्याउने भए त समिति गठन नै हुँदैनथ्यो । प्रतिवेदन सार्वजनिक गर्ने विषय आवश्यकता अनुसार निर्णय हुन्छ, हालसम्म त्यस्तो कुनै निर्णय भएको छैन ।'

सरकारले प्रतिवेदन सार्वजनिक गर्ने वा नगर्ने विषयमा लिने आगामी निर्णयलाई राजनीतिक वृत्तले चासोका साथ हेरिरहेको छ ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरुवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

ईशनाथ नगरपालिका, औरैया, रौतहट


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा